# बाह्रदशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चकचकी, झापा
कोशी प्रदेश, नेपाल

प.सं. : २०८३/०८४
च.नं. : ९६

नेपाल सम्वत् ११४६

मिति : २०८३/०४/११

श्री सरोकारवाला नागरिक तथा सर्वसाधारण सबै
बाह्रदशी गाउँपालिका ।

**विषय : विपन्न नागरिक औषधी उपचार कार्यक्रमका लागि सिफारिस लिने सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०८२/०५/०४ गतेको निर्णयानुसार स्वीकृत **"विपन्न नागरिक औषधी उपचार कार्यक्रम सञ्चालन निर्देशिका, २०८० (पहिलो संशोधन २०८२)"** बमोजिम बाह्रदशी गाउँपालिका क्षेत्रभित्र स्थायी बसोबास गर्ने विपन्न नागरिकहरूलाई सूचीकृत कडा रोगहरूको उपचारका लागि औषधी उपचार सहायता/सहुलियत उपलब्ध गराइने भएकाले सम्बन्धित सबै सरोकारवाला तथा सर्वसाधारण नागरिकहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**१. सहुलियत प्रास हुने कडा रोगहरू (८ प्रकारका)**

यस कार्यक्रम अन्तर्गत देहायका ८ (आठ) वटा कडा रोगहरूको उपचारका लागि मात्र तोकिएको सहुलियत प्राप्त हुनेछ ।

| क्र.सं. | रोगको नाम | सहुलियतको विवरण तथा अधिकतम सीमा |
|---|---|---|
| १ | मृगौला रोग (Kidney Disease) | • हेमोडायलाइसिसः रू. २,५००/- प्रति सेसन (सेरोपोजेटिभ संक्रमितको हकमा रू. ४,०००/- प्रति सेसन)<br>• पेरिटोनियल डायलाइसिसः रू. ५०१/- प्रति प्याकेट (प्रति बिरामी एक महिनाको अधिकतम ९० प्याकेट सम्म र चिकित्सकको पुर्जा अनुसार अधिकतम १२० प्याकेट सम्म दिन सकिने र ३ -३ महिनामा र चिकित्सकको पुर्जा अनिवार्य हुनु पर्छ )<br>• मृगौला प्रत्यारोपणः अधिकतम रू. ४,००,०००/- (चार लाख)<br>• प्रत्यारोपण पश्चात औषधी सेवनः अधिकतम रू. १,००,०००/- (एक लाख)<br>• अङ्गदाता र ग्रहणकर्ता HLA Crossmatch परीक्षणः अधिकतम रू. ५०,०००/- |



२०८३/०४/११
गजेन्द्र थपलिया
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | • अल्पकालिन मृगौला विफलता (Acute Kidney Injury - AKI): रु. १,००,०००/- सम्म |
| २ | मुटु रोग (Heart Disease) | भल्भ शल्यक्रिया, कोरोनरी आर्टरी शल्यक्रिया, उपकरण (Pacemaker/ICD/CRT) जडान, जन्मजात मुटु रोग तथा मुटु प्रत्यारोपण सम्बन्धी शल्यक्रिया शुल्क, औषधी शुल्क, शैया शुल्क र प्रयोगशाला शुल्क समेतका लागि अधिकतम रू. १,००,०००/- (एक लाख) सम्म। |
| ३ | क्यान्सर (Cancer) | शल्यक्रिया, केमोथेरापी, रेडियोथेरापी, औषधीजन्य सामग्री, शैया तथा प्रयोगशाला सेवाका लागि अधिकतम रू. १,००,०००/- (एक लाख) सम्म। |
| ४ | पार्किन्सन्स (Parkinson's) | औषधि, औषधिजन्य सामग्री, शैया तथा निदानात्मक/प्रयोगशाला सेवाका लागि अधिकतम रू. १,००,०००/- (एक लाख) सम्म। |
| ५ | अल्जाईमर्स (Alzheimer's) | उपचार सेवा, औषधी , शैया तथा प्रयोगशाला शुल्कका लागि अधिकतम रू. १,००,०००/- (एक लाख) सम्म। |
| ६ | स्पाइनल ईन्जुरी (Spinal Injury) | दुर्घटना वा चोटपटकबाट भएको स्पाइनल ईन्जुरीको शल्यक्रिया, औषधी , निदानात्मक तथा पुनर्स्थापना सेवाका लागि अधिकतम रू. १,००,०००/- (एक लाख) सम्म। |
| ७ | हेड ईन्जुरी (Head Injury) | दुर्घटना वा चोटपटकबाट Moderate/Severe हेड ईन्जुरी भई भर्ना वा शल्यक्रिया , प्रयोगशाला , शैया शुल्क र औषधी उपचार लागि अधिकतम रू. १,००,०००/- (एक लाख) सम्म। |
| ८ | सिकलसेल रोग (Sickle Cell Disease ) | सिकलसेल एनिमिया तथा अन्य कडा रक्तसम्बन्धी रोगहरूको उपचार, शल्यक्रिया शुल्क , औषधी शुल्क , शैया तथा प्रयोगशाला शुल्कका लागि अधिकतम रू. १,००,०००/- (एक लाख) सम्म। |

२०८३/०४/११
गजेन्द्र थपलिया
प्रमुख प्रशासकीय अधिकृत

**अनिवार्य शर्त (स्वास्थ्य बीमा आबद्धता):**

निर्देशिकाको दफा ४ (क) बमोजिम विपन्न बिरामी नागरिकले कडा रोगको उपचार सहुलियत लिनका लागि स्वास्थ्य बीमा कार्यक्रममा अनिवार्य रूपमा आबद्ध भएको (Health Insurance Enrolled) हुनुपर्नेछ।

**२. सिफारिस तथा सेवा लिने प्रक्रिया**

1. **वडा कार्यालयबाट विपन्नता सिफारिसः** बिरामी वा बिरामीको हकवालाले सम्बन्धित वडा कार्यालयमा अनुसूची-३ बमोजिमको फाराम भरी पारिवारिक आर्थिक अवस्था खुलाई विपन्न नागरिक भएको सिफारिस लिनुपर्नेछ।
2. **कागजातहरू बुझाउनेः** वडाको सिफारिस, चिकित्सकको प्रमाणित रोग निदान विवरण (अनुसूची-१४), नागरिकताको प्रतिलिपि (नाबालकको हकमा जन्म दर्ता प्रतिलिपि) सहित गाउँपालिकाको स्वास्थ्य शाखा/सिफारिस समितिमा निवेदन पेश गर्नुपर्नेछ।
3. **गाउँपालिका सिफारिस समितिको निर्णयः** अध्यक्ष/प्रमुखको संयोजकत्वमा रहेको ३ सदस्यीय सिफारिस समिति (अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र स्वास्थ्य शाखा प्रमुख) ले कागजात जाँचबुझ गरी निर्णय गरी तोकिएको सूचीकृत अस्पतालको नाममा सिफारिस पत्र (अनुसूची-१५) उपलब्ध गराउनेछ।
4. **गरीब परिवार परिचयपत्र वाहकको हकमाः** नेपाल सरकारबाट जारी गरीब परिवार परिचयपत्र भएका नागरिकहरूले वडा/पालिकाको विपन्नता सिफारिस नचाहिने गरी सोझै सूचीकृत अस्पतालमा परिचयपत्र देखाई उपचार सहुलियत प्राप्त गर्न सक्नेछन्।

**३. निवेदन साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरू**

सम्बन्धित वडा कार्यालयको विपन्न नागरिक औषधि उपचार सम्बन्धी सिफारिस पत्र (अनुसूची-३ फाराम सहित)।

विरामीको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि (१६ वर्ष मुनिकाको हकमा जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि)।

विरामी कडा रोगबाट पीडित भएको खुल्ने आधिकारिक विशेषज्ञ चिकित्सकको प्रमाणित भएको (अनुसूची-१४)।

स्वास्थ्य बीमा बोर्डमा आबद्ध भएको प्रमाण / स्वास्थ्य बीमा कार्डको प्रतिलिपि।

नेपाल सरकारको गरीब परिवार परिचयपत्र (भएमा)।

बिरामीको हालसालै खिचिएको हालको पासपोर्ट साइजको फोटो २ प्रति।

**४. ध्यान दिनुपर्ने मुख्य नियम तथा शर्तहरू**

**नगद भुक्तानी नहुनेः** यो कार्यक्रम अन्तर्गत कुनै पनि बिरामीलाई नगद रकम भुक्तानी दिइने छैन। सहुलियत रकम सूचीकृत अस्पतालमार्फत सोझै शोधभर्ना हुनेछ।

**एउटा रोगका लागि एउटा मात्र अस्पतालः** दोहोरो नपर्ने गरी एउटा कडा रोगको उपचारका लागि एक पटकमा एउटा मात्र सूचीकृत अस्पतालमा सिफारिस गरिनेछ।



०८३।०४।११

गजेन्द्र थपलिया
प्रमुख प्रशासकीय अधिकृत

**स्वास्थ्य बीमा सुविधासँग निरन्तरता:** विपन्न नागरिक कार्यक्रम अन्तर्गतको तोकिएको सहुलियत सीमा (रू. १ लाख सम्म) सकिए पश्चात बिरामीले आफ्नो स्वास्थ्य बीमा कार्यक्रमबाट थप सुविधा प्राप्त गर्न सक्नेछन्।

**दोहोरो सुविधा निषेध:** सामाजिक सुरक्षा कोष, कर्मचारी सञ्चय कोष वा अन्य कुनै सरकारी निकायबाट सोही रोगका लागि दोहोरो शोधभर्ना लिन पाइने छैन।

५. यस बाहेक अन्य कुराहरु विपन्न नागरिक औषधी उपचार कार्यक्रम सञ्चालन निर्देशिका, २०८० (पहिलो संशोधन २०८२)" बमोजिम हुनेछ ।

पुनश्चः यस सम्बन्धी थप जानकारी तथा प्राविधिक सहयोगका लागि बाह्रदशी गाउँपालिका, स्वास्थ्य शाखा वा सम्बन्धित वडा कार्यालयको स्वास्थ्य चौकीमा सम्पर्क गर्नुहुन अनुरोध छ।

बोधार्थ

१. **वडा कार्यालय सबै** : यसै सूचना बमोजिम गर्न / गराउनु हुन अनुरोध छ ।

०८३/०४/११

गजेन्द्र थपलिया
(प्रमुख प्रशासकीय अधिकृत)
बाह्रदशी गाउँपालिकाको कार्यालय
चकचकी , झापा